# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

CDS
and
Clearing Ltd.

पत्र संख्या : २०६९/०७०
चलानी नं. :

## प्रेश विज्ञप्ती

धितोपत्र बजारलाई थप विकसित र व्यवस्थित गर्न धितोपत्र कारोबार विद्युतीय रुपमा अभिलेख राखी प्रमाणपत्र रहित कारोबार सहज गर्ने उद्देश्यले सिडिएस एण्ड क्लियरिङ्ग लि. को स्थापना मिति २०६७/९/७ गते भएको हो । यसरी स्थापना भएको सिडिएस एण्ड क्लियरिङ्ग लि. ले घरभाडामा लिई सफ्टवेयरको लागि आवश्यक हार्डवेयर खरिद गरी नेपाल राष्ट्र बैंकका गभर्नर डा.श्री युवराज खतिवडा र नेपालका लागि तत्कालिन भारतीय महामहिम राजदुत श्री राकेश सुद सम्मिलित समारोहका बीच CMC Ltd., India बाट प्राप्त सफ्टवेयर मिति २०६७/१२/१७ मा प्राप्त गरेको । धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ अनुसार केन्द्रीय निक्षेप सेवा संचालन गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०६८/५/७ अनुमति प्राप्त गरी कम्पनी ऐन, २०६३ अनुसार कारोबार प्रारम्भ गर्न स्वीकृतिका लागि कम्पनी रजिष्ट्रारको कार्यालय समक्ष मिति २०६८/५/१७ पत्राचार गरेकोमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०६९/१/२५ गते कारोबार गर्न अनुमति प्राप्त गरेको ।

केन्द्रीय निक्षेप प्रणाली संचालन गर्न आवश्यक विनियमावली नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको लागि मिति २०६८/८/५ मा पठाएकोमा मिति २०६८/९/२२ स्वीकृत भएको धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मिति २०६८/१०/१ गते देखि लागु गरेको । धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मा व्यवस्था भए अनुसार धितोपत्र अभौतिकीकरण गर्न, निक्षेप सदस्यता लिन मिति २०६८/१०/५ गते सूचना प्रकाशित गरी आव्हान गरेको । यसरी आव्हान गरी सूचना प्रकाशित गर्दा सिभिल क्यापिटल मार्केट लि. र एस क्यापिटल लि. लाई क्रमशः मिति २०६९/२/१ गते र मिति २०६९/२/११ गते निक्षेप सदस्यता प्रदान गरिएको ।

केन्द्रीय निक्षेप प्रणालीको अभिन्न अंग कारोबार राफसाफ तथा फछ्र्यौट भएको हुँदा सो कार्य संचालन गर्न आवश्यक पर्ने धितोपत्र राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ संचालक समितिबाट अनुमोदन गरी स्वीकृतिको लागि नेपाल धितोपत्र बोर्डमा मिति २०६९/३/११ गते पठाएको र नेपाल स्टक एक्सचेन्ज लि. लाई राफसाफ तथा फछ्र्यौट सम्बन्धी कार्य संचालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन पत्राचार गरिएको । नेपाल स्टक एक्सचेन्ज लि. बाट धितोपत्र राफसाफ तथा फछ्र्यौटको लागि Mode of Operation तयार गर्न पत्राचार गरेकोमा एक सशक्त Mode of Operation Team गठन भई कार्य संचालन गर्ने प्रक्रियामा रहेको ।

धितोपत्र अभौतिकीकरण गर्न आवेदन दिएका कम्पनीहरु क्रमशः एस डेभलपमेन्ट बैंक लि. र कृषि विकास बैंक लि. लाई धितोपत्र अभौतिकीकरण गर्ने सम्फौतामा यस कम्पनीको तर्फबाट कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री सुबोध शर्मा सिग्देल र एस डेभलपमेन्ट बैंक लि. का प्रमुख कार्यकारी अधिकृत श्री सिद्धान्त राज पाण्डेय र कृषि विकास बैंक लि. का प्रमुख कार्यकारी अधिकृत श्री तेज बहादुर बुढाथोकी साथै निक्षेप सदस्यताको लागि आवेदन प्राप्त स्टक म्यानेजमेन्ट एण्ड डि.पि. लि. का प्रमुख कार्यकारी अधिकृत श्री नविन राज पोखरेलले यस कम्पनीका संचालक समितिका अध्यक्ष श्री डा.जीवनाथ धितालज्यूको रोहवरमा हस्ताक्षर गरी निष्काशनकर्ता एस डेभलपमेन्ट बैंक लि. र कृषि विकास बैंक लि. को ISIN (International Securities Identification Number) प्रदान गर्ने कार्य भयो । आजै माननिय अर्थ मन्त्री श्री वर्षमान पुनज्यूको हितग्राही खाता निक्षेप सदस्य एस क्यापिटल लि. मार्फत खोली कारोबारको शुभारम्भ भयो ।

Subodh

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com

प.लि.नं. १२७४-६७६८

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०६९/०७०

चलानी नं. :

एस क्यापिटल लि. मार्फत् २८ जना हितग्राहीले हितग्राही खाता खोल्ने कार्य भई कृषि विकास बैंक लि. का सेयरहोल्डर श्री राम बहादुर खड्काको २११, श्री प्रताप सुवेदीको १९५, श्री हरिश पोखरेलको ९० कित्ता र एस डेभलपमेन्ट बैंक लि. का सेयरहोल्डर श्री रामेश्वर पोखरेलको २००४, श्री ईशा सुल्प्या लोहनीको १२९३ र श्री सुजनबाबु अधिकारीको १०७ कित्ता साथै स्टक म्यानेजमेन्ट एण्ड डि.पि लि. मार्फत् ५ जना हितग्राहीले हितग्राही खाता खोल्ने कार्य भई श्री अमृत नाथ रेग्मीको नाममा रहेको कृषि विकास बैंक लि. को ६० कित्ता सेयर अभौतिकीरकण गर्ने कार्य सम्पन्न भयो ।

यसरी कारोबार सुरुवात भए पश्चात् धितोपत्र कारोबारमा संलग्न हुने लगानीकर्ताहरुलाई निक्षेप प्रणालीमा हितग्राही (लगानी कर्ता) को रुपमा खाता खोली आवद्ध भए पश्चात् कारोबार गर्दा धितोपत्रहरुको स्वामित्व तथा हस्तान्तरण विद्युतीय रुपमा संचित हुने र प्रमाणपत्र रहित कारोबार हुने भएकाले विद्यमानमा रहेको कागजी झन्झट र जोखिमबाट पूर्णतया मुक्त भई आधुनिक सेयर बजारमा सहभागी हुन अवसर प्रदान गरेको छ । विद्युतीय संजाल मार्फत् खरिद गरी राखेको धितोपत्रले प्राप्त गर्ने गैर-मौद्रिक लाभहरु जस्तै : हकप्रद, लाभांश आदि प्राप्त गर्ने जस्ता कार्यहरु विद्युतीय रुपमा संचित हुन सक्नेछन् । धितोपत्र बजारमा सूचीकृत भएका तथा विद्युतीय माध्यमबाट केन्द्रीय निक्षेप सेवाका लागि निक्षेप गरेका धितोपत्र वा अन्य उपकरणहरु हितग्राहीले सिडिएससिमा खोलेको अभौतिक खातामा संचित हुने भएकोले खरिद बिक्री भएको धितोपत्रको कानूनी तवरले स्वामित्वमा लिन वा हस्तान्तरण गर्न वर्तमान व्यवस्था अनुसार सम्बन्धित कम्पनी समक्ष पठाई रहन आवश्यक नहुने भएकोले आफूले चाहेको बेला तुरुन्ता तुरुन्तै कारोबार भएकै समय खरिद बिक्री गर्न सकिने अवसर प्राप्त भएको छ ।

सिडिएससिसँग निष्काशनकर्ता विद्युतीय संजालमा आबद्ध हुने भएकोले प्राथमिक निष्काशन (आईपिओ) द्वारा बिक्री भई वितरण भएको शेयर प्राप्त गर्न खाता खोल्ने हितग्राहीले बिना कुनै झन्झट विद्युतीय संजालबाट प्राप्त भएको शेयर जम्मा हुन सक्ने साथै यसबाट लगानी कर्ताले प्रमाणपत्र प्राप्त गर्न प्रतिक्षा गर्न कुनै प्रकारको कष्ट व्यहोर्ने नपर्ने भएको छ ।

धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मा भएको व्यवस्था अनुरुप शेयर, डिबेन्चर, ऋणपत्र, स्टक तथा अन्य उपकरणको धितोपत्र जिम्मामा लिई ती धितोपत्रको अभिलेख विद्युतीय रुपमा राखी प्रमाणपत्र रहित कारोबार प्रणालीमा राख्दा विद्युतीय रुपमा नै धितोपत्रहरुको राफसाफ तथा फछ्र्यौट सेवा प्राप्त हुने, प्रमाणपत्रहरु नष्ट हुने, चोरिने, क्षति हुने, नक्कली प्रमाणपत्र जस्तो समस्याहरुको निराकरण हुने, विद्युतीय स्रेस्ता प्रणाली मार्फत् धितोपत्रहरुको हस्तान्तरण हुन सक्ने, जोखिमको दायरामा अत्याधिक कमि हुने, पूँजीबजार सम्बन्धी सूचना प्रविधिको दायरा बढी यसमा योगदान पुग्ने, धितोपत्रहरुको द्रुत नामसारी हुँदा तरलतामा विकास हुने, लगानीकर्ताहरु र सरोकारवाला संस्थाहरु बीच सौहार्दपूर्ण सम्बन्धको विकास हुने यसका प्रमुख विशेषताहरु रहेका छन् ।

सिडिएससि कम्पनीबाट अनुमति प्राप्त व्यवसायीहरुको निक्षेप सेवा सम्बन्धी कारोबार गर्दा लगानी कर्ताहरुलाई विनियमले तोकेको सेवा, सुविधा सम्बन्धमा निरीक्षण तथा अनुगमनको समुचित व्यवस्था समेत गरेकाले पूँजीबजारको विकासमा कोशे ढुङ्गाको रुपमा संचालन हुन लागेको केन्द्रीय निक्षेप सेवा प्रणालीमा बढी भन्दा बढी लगानीकर्ता सरोकारवाला सम्पूर्ण निकायहरुलाई आवद्ध हुन यसै विज्ञप्तीद्वारा हार्दिक अपिल गर्दछौं ।

मिति : २०६९/४/१

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com